# आवश्यक कागजातको विवरण

'घ' वर्गको इजाजतपत्रका लागि निवेदन दिने फर्महरुले तल उल्लेखित क्रममा क्रम नबिराई कागजात उपलब्ध गराउनु पर्नेछ ।

१. घरेलु तथा साना उद्योग कार्यालयमा कम्तीमा १ लाख चालु पुँजी देखाई दर्ता भएको प्रमाणपत्रको प्रतलिपि । प्रा.लि. भएमा कम्पनी रजिष्टारको कार्यालयमा समेत दर्ता हुनुपर्ने ।

२ स्थायी लेखा नम्बर (मूल्य अभिवृद्धि कर समेत): मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि । कारोबारको उद्देश्यमा विविध प्रकारको ठेक्का पट्टा गर्ने उल्लेख हुनुपर्ने ।

३. (क) फर्मको नाममा खाता खोली रु. १,००,०००।- (एक लाख) जम्मा भएको बैंक भौचर ।
(ख) जनशक्ति सम्बन्धमा :

| | |
|---|---|
| ओ.सी./इञ्जिनियर | १ जना |
| लेखा सम्बन्धी काम गर्ने | १ जना |
| प्रशासन सम्बन्धी | १ जना |

(क) प्राविधिकः कम्तीमा Civil Engeneering को Diploma तह उत्तीर्ण एक जना । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यता मध्ये एक तहको मात्र Certificate राख्ने ।

(ख) लेखा सम्बन्धी काम गर्ने : कम्तीमा वाणिज्य शास्त्र विषयमा १२ कक्षा वा प्रमाण पत्र तह उत्तीर्ण । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यतामध्ये एक तहको मात्र Certificate राख्ने ।

(ग) प्रशासन सम्बन्धी काम गर्ने : कम्तीमा १२ कक्षा वा प्रमाण पत्र तह उत्तीर्ण । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यतामध्ये एक तहको मात्र Certificate राख्ने ।

४. फर्ममा पूर्ण समय दिन्छु भनी करारनामा तिनै जना कर्मचारीको पेश गर्नुपर्ने ।

५. लेबल मेसिन, वाटर पम्प र भाइब्रेटर मेसिन खरिद गरेको सक्कल भ्याट बिल । त्यसको पछाडि प्रोपाइटरले दस्तखत गरी फर्मको छाप लगाउने ।

- लेभल मेशिनः निर्माता कम्पनीको नाम र सिरियल नम्बर VAT बिलमा उल्लेख हुनुपर्ने ।
- वाटर पम्प मेशिन कम्तीमा २" पानी तान्ने र पम्पिङ्ग हुने क्षमताको मेशिन र निर्माता कम्पनीको नाम उल्लेख हुनुपर्ने ।
- भाइब्रेटर मेशिनको हकमा Capacity तथा निर्माता कम्पनीको नाम उल्लेख हुनुपर्छ ।
- Vat बिलमा मेशिनरी उपकरण खरिद गरेको संलग्न बिलमा मे.ई. बाट प्रमाणित गरेको लेभल मेशिनको निर्माण कम्पनीको ब्राण्ड तथा सिरियल नम्बर देखिने गरी लेभल मेशिनको रङ्गीन फोटो मिति २०७३ असोज देखि नयाँ दर्ता हुनेको हकमा फाइलका साथ संलग्न गरी पेश गर्नुपर्ने ।
- बिलको सक्कल तथा सो को Photocopy गरी नोटरीबाट मे.ई. बाट प्रमाणित गरी फाइल साथ पेश गर्नुपर्ने ।

६. यान्त्रिक उपकरण ठीक अवस्थामा रहेको प्रमाणित गर्ने मेकानिकल इन्जिनियरको नागरिकताको प्रतिलिप र नेपाल इन्जिनियरिङ्ग परिषदमा मेकानिकल इन्जिनियरका रुपमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्ने ।

७. उल्लेखित मेशिनको बीमा गरेको सक्कलै कागजात । बीमा अवधि कम्तीमा १ वर्ष हुनुपर्ने ।

८. चन्द्रगिरी नगरपालिकाको कार्यालय, बलम्बुमा दस्तुर बुझाई दर्ता गराएको रितपूर्वकको निवेदन ।

९. फर्मको प्रोपाइटरको नागरिकताको प्रमाणपत्रको प्रतिलपि

नोट : सबै प्रतिलिपिहरु Notary Public बाट प्रमाणित हुनुपर्छ । त्यसका साथै सम्बन्धित व्यक्ति वा फर्मको समेत दरखास्त र फोटो अनिवार्य छ ।